
के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २५ ❑ अङ्क १४७ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८१ जेठ २७ गते आइतबार ❑ 9 June 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रु. ५ ।-


## जनताको जीवनस्तर उकास्ने गरी सरकारले काम गरिरहेको छ : उपप्रधानमन्त्री श्रेष्ठ

**पोखरापत्र संवाददाता**
गोरखा, २६ जेठ

उपप्रधान तथा परराष्ट्रमन्त्री नारायणकाजी श्रेष्ठले वर्तमान सरकारले हरेक नेपाली जनताको जीवनस्तर उकास्ने गरी काम गरिरहेको बताउनुभएको छ।

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)ले गोरखाको सिरानचोक गाउँपालिका-८ मा शनिबार आयोजना गरेको कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै उहाँले राजनैतिक अधिकार प्राप्त गर्नेमा मात्र पछिल्लो राजनीतिक परिवर्तन समर्पित हुन नहुनेमा सरकार स्पष्ट रहेको बताउनुभयो ।



"जनताको जीवनस्तर कसरी फेर्न सकिन्छ भनेर हामी लागिपरेका छौं," उपप्रधानमन्त्री श्रेष्ठले भन्नुभयो, "गणतन्त्र प्राप्तिसँगै हरेक नेपाली जनताको सामाजिक, आर्थिक अधिकारसमेत परिवर्तन होस् भनेर सरकारले सोहीअनुसार काम गरिरहेको छ।" जनताले अझै पनि राजनीतिक परिवर्तन पूरै अनुभूति गर्न नपाएको भन्दै उहाँले हरेक नागरिकको दैनिक जीवनस्तरमा परिवर्तन ल्याउन सके मात्र सबैले राजनीतिक परिवर्तनको महसुस गर्ने उल्लेख गर्नुभयो। "गणतन्त्रसँगै संविधानसभामार्फत बनेको संविधानले नेपाली जनतालाई थुप्रै अधिकार दिएको छ," उहाँले भन्नुभयो, "तर संविधानप्रदत्त सबै अधिकार जनताले महसुस गर्ने गरी उपभोग गर्न पाइसकेका छैनन् ।" उहाँले अहिले भएको परिवर्तनको मुख्य उद्देश्य हरेक जनताको जीवनस्तरमाथि उकास्नका लागि भएको बताउनुभयो।

उपप्रधानमन्त्री श्रेष्ठले भन्नुभयो, "आर्थिक तथा सामाजिक हिसाबले जनताको जीवनमा परिवर्तन ल्याउन नसके राजनीतिक परिवर्तनले मात्र परिवर्तनको अनभूति हुँदैन।"

## पोखरा १३ का समस्यामा सवाल जवाफ

**पोखरापत्र संवाददाता**
पोखरा, २६ जेठ

पोखरा महानगरपालिका वडा नम्बर १३ ले पहिलो पटक सार्वजनिक सुनुवाई गरेको छ।

वडा कार्यालयले प्रदान गरेको सेवा प्रवाह र विकास निर्माणका विषयमा नागरिकलाई जानकारी गराउने र नागरिकबाट सुझाव लिने गरी कार्यक्रम गरिएको हो । अधिकांश सहभागीहरुले वडाले प्रभावकारी काम गरेकोमा प्रशंसा गरे । केही सुझाव पनि दिएका छन् । विशेषगरी ग्रामिण क्षेत्रहरुमा सडक सञ्जाल प्रभावकारी नभएको, यातायातको सुविधा राम्रोसँग नपुगेको, सिंचाई कुलोको मर्मत र रेखदेख नगरिएको, लागू पदार्थ दुर्व्यसनी बढी भएको लगायत गुनासो गरेका छन् ।

वडा र टोलहरुमा सामुदायिक कुकुरहरुको विगविगी बढेको,



छाडा चौपायाका कारण खेतीमा असर पुगेको, ग्रामिण क्षेत्रमा फोहोर लिन गाडी नगएको जस्ता गुनासा पनि सहभागीहरुले गरेका छन् । जवाफमा वडाध्यक्ष किरण बराललें सुरुमा राजमार्गको स्तरोन्नतीमा ध्यान दिइएको र विस्तारै ग्रामिण क्षेत्रसम्म काम हुने बताए । उनले १३ नम्बर वडाबाट पोखराका विभिन्न ठाउँहरुमा सीधै यातायात सेवा लिने गरी यातायात व्यवसायीसँग संवाद गरिरहेको जनाएका छन् ।

यस्तै, सिंचाई कुलोको मर्मतका लागि पनि सिंचाई कार्यालयसँग छलफल भएको तर कुनै सम्वोधन नगरिएको गुनासो उनको छ । 'सिंचाई कार्यालय हाम्रै वडामा छ । तर कुलोको यो हालत छ । हामीले ध्यानाकर्षण पटक

**बाँकी अन्तिम पृष्ठमा ▶▶**

## पर्यटकीय गाउँ सिक्लेसमा बसपार्क बन्दै

**पोखरापत्र संवाददाता**
पोखरा, २६ जेठ

कास्कीको मादी गाउँपालिका-१ स्थित पर्यटकीय गाउँ सिक्लेसमा निर्माणाधीन बसपार्कको काम अन्तिम चरणमा पुगेको छ।

गाउँपालिका र गण्डकी प्रदेश सरकारको बजेटबाट बसपार्क बन्न लागेको वडाध्यक्ष देवीजङ्ग गुरुङले जानकारी दिनुभयो। उहाँका अनुसार गत आर्थिक वर्षमा गाउँपालिकाको रु २५ लाख बजेटबाट बसपार्कको काम सुरु गरिएकामा चालु आवमा प्रदेश सरकारले रु ५० लाख बजेट विनियोजन गरेको थियो । "सिक्लेसमा पार्किङको समस्या थियो, ढलानसहितको व्यवस्थित बसपार्क बनेपछि अब स्थानीय र पर्यटकलाई लाभ पुग्नेछ", उहाँले भन्नुभयो, "पोखरा जोड्ने सडक पनि स्तरोन्नति भएपछि सिक्लेसको यात्रा सहज बनेको छ।" निर्माणको जिम्मा पाएको लिएको पावर टेक इन्जिनियरिङका सञ्चालक हिमाल गुरुङले आगामी असारभित्रमा बसपार्कको काम सकिने बताउनुभयो । "ढलान र पर्खालको काम सकिएको छ, केही ठाउँमा ग्याविन जाली, बसपार्क जोड्ने सडक ढलानको काम बाँकी छ", उहाँले भन्नुभयो । प्रदेश सरकारको सहरी विकास तथा भवन कार्यालयमार्फत सिक्लेसमा सडक स्तरोन्नति, नाली निर्माणलगायतका काम भइरहेको वडाध्यक्ष गुरुङले बताउनुभयो।

सडक पुगेको दुई दशकपछि सिक्लेसमा व्यवस्थित बसपार्क निर्माण गरिएको हो । गाउँपालिकामार्फत बसपार्कलाई चाहिने अन्य पूर्वाधारका लागि प्रदेश सरकारसँग बजेट माग गरिएको वडाध्यक्ष गुरुङले बताउनुभयो । "टिकटघर, यात्रु विश्रामस्थल, शौचालयलगायत संरचनाका लागि थप बजेटको आवश्यकता छ", उहाँले भन्नुभयो, "अहिले कम्तीमा बसपार्क ढलानसम्म भएको छ, यसले पनि पार्किङमा धेरै सहजता थपेको छ ।" सिक्लेस आन्तरिक तथा बाह्य पर्यटकको रोजाइको गन्तव्य भएकाले पछिल्लो समय त्यहाँ पर्यटकीय गतिविधि बढ्न थालेका छन् । पर्यटकसँगै स्थानीयवासीको सुविधाका लागि सडकलगायतका पूर्वाधार विकासका काममा प्रदेश सरकार र गाउँपालिकाले लगानी बढाएका छन्। प्रदेश सरकारको बजेटबाट पोखराको

**बाँकी अन्तिम पृष्ठमा ▶▶**

## शिक्षक सरुवामा विद्यालय व्यवस्थापन समितिको सहमति नचाहिने प्रावधान संसोधन गर्न माग

**पोखरापत्र संवाददाता**
पोखरा, २६ जेठ

शिक्षक सरुवामा विद्यालय व्यवस्थापन समितिको सहमति नचाहिने प्रावधान तत्काल संसोधन गर्न माग गरिएको छ।


शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट २०८१ साल ज्येष्ठ १३ गते जारी गरिएको "शिक्षक सरुवा सम्बन्धी निर्देशिका २०८१ र शिक्षक सरुवामा विद्यालय व्यवस्थापन समितिको सहमति नचाहिने प्रावधान ल्याउने प्रयत्नले सामुदायिक विद्यालय सञ्चालन तथा गुणस्तर कायममा बाधा पुग्ने भन्दै त्यसको संसोधनको माग गरिएको हो।

सामुदायिक विद्यालय व्यवस्थापन समिति महासंघ नेपालको शुक्रबार र शनिबार पोखरामा सम्पन्न भएको पदाधिकारी बैठकले सामुदायिक विद्यालयहरुको स्वामित्व समुदायमै कायम राख्न माग गरेको शनिबार पोखरामा आयोजित पत्रकार भेटघाट कार्यक्रममा जानकारी गराइएको हो । सामुदायिक विद्यालय सञ्चालन तथा गुणस्तर कायममा बाधा पुग्न गरी उक्त प्रावधान ल्याउन लागेकोले त्यसको तत्काल संसोधन गर्नुपर्ने अन्यथा



आफुहरुले शसक्त आन्दोलन गर्न बाध्य भएको समितिका अध्यक्ष गुणराज मुक्तानले बताउनु भयो । हाल सक्षम शिक्षक रोजेर विद्यालय सञ्चालन गर्ने समुदायको अधिकार कुण्ठित गर्ने देखिएकोले देश भरीका विद्यालय व्यवस्थापन समितिहरुको साझा छाता संगठन सामुदायिक विद्यालय व्यवस्थापन समिति महासंघ नेपालको गम्भिर ध्यानाकर्षण भएको उहाँले जनाउनु भयो। विद्यालयको आवश्यकता अनुसारको शिक्षकको टिम निर्माण गर्दै गुणस्तर कायम तथा सञ्चालन भएका विद्यालयहरुमा प्रकृयागत रुपमा सरुवा भएको शिक्षकहरुबाट गुणस्तर कायम गर्न बाधा पुग्ने अध्यक्ष मुक्तानले जनाउनु भयो । आफ्ना अभिभावकहरुले शिक्षक छनौट गर्न पाउनु पर्ने महासचिव दुर्गानन्द ठाकुरले बताउनु भयो।

विद्यालयमा कस्तो शिक्षक आवश्यक पर्ने हो भन्नेबारे आफैले निर्णय गर्न पाउनु पर्ने, सामुदायिक विद्यालय व्यवस्थापन समिति महासंघ नेपाल र व्यवस्थापन समिति जस्ता सरोकारवालाहरु संग कुनै समन्वय नगरी मनगणन्ते र मनोमानी ढंगले ल्याइएको निर्देशिका सामुदायिक विद्यालयहरु ध्वस्त पार्ने र गरिव नेपालीका छोराछोरीलाई महङ्गो शुल्क तिरेर पढ्न बाध्य पार्ने भएकोले उक्त मागलाई सम्बोधन नभएमा आम अभिभावकहरुको प्रतिनिधि विद्यालय व्यवस्थापन समिति महासंघ नेपाल शसक्त आन्दोलन गर्न बाध्य हुने र आन्दोलनको लागि तयारीमा रहन देशभरीका विद्यालय व्यवस्थापन समितिहरुलाई महासंघले आव्हान समेत गरेको छ ।च

# ५ किलोमिटर सडक दौडमा पोखराका छात्र तर्फ चौधरी र छात्रा तर्फ लमजुङकी भुजेल प्रथम

पोखरापत्र संवाददाता
पोखरा, २६ जेठ

पोखरा १२ भद्रकालि मार्गमा रहेको पोखरा यूनाइटेड एकेडेमीको आयोजनामा शनिबार पोखरामा सम्पन्न भएको ५ किलोमिटर सडक दौडमा छात्र तर्फ इन्द्र राज्य लक्ष्मी मा.वि.का सम्राट चौधरी प्रथम हुनु भएको छ।



पोखरा यूनाईटेड एकेडेमीको ४ दिने अन्तर बिद्यालय एस.ई.ई. खेलकुद प्रतियोगिता २०८१ अर्न्तगत पहिलो दिन शनिबार भएको ५ किलोमिटर सडक दौडमा चौधरीले निर्धारित दुरी २० मिनेट २ सेकेण्डमा पार गर्दै प्रथम स्थान हासिल गर्न सफल हुनु भएको हो। त्यसै गरी कास्की मोडनाइज एकेडेमीका प्रमोद थापा दोश्रो हुनु भएको छ। थापाले भने २० मिनेट २४ सेकेण्डमा उक्त दुरी पार गर्नु भएको हो । त्यसै गरी छात्रा तर्फको ५ किलोमिटर सडक दौडमा लमजुङको मध्य नेपाल नगरपालिका स्थित पशिचम भुमि मा.वि.की कुस्मिता भुजेल प्रथम हुनु भएको छ। उहाँले निर्धारित दुरी २८ मिनेट २६ सेकेण्डमा पार गर्नु भयो। पोखरा यूनाइटेड एकेडेमीकी अम्बिका पोखेलले निर्धारित दुरी ३८ मिनेटमा पार गर्दै दोश्रो हुनु भयो । बिद्यालय परिसर भद्रकालि मार्गबाट सुरु भएको उक्त दौड संगमटोल गौडाकोमुख, बिजि हस्पिटल हुँदै रानीपौवा, पोखरा नर्सिङ चोक हुदै कुडहर लाली गुराँस हुँदै बिद्यालयमा आएर टुंगिएको बिद्यालयका शिक्षक फणिन्द्रराज पौडेलले बताउनु भयो । प्रतियोगितामा विजेता छात्र तथा छात्रालाई जनही ५ हजार, दोश्रो हुनेलाई जनही ३ हजारको साथमा मेडल र प्रमाण पत्र वितरण गरिएको बिद्यालयका सह प्रध्यानाध्यापक देवेन्द्र अधिकारीले बताउनु भयो । उक्त प्रतियोगिताको शनिबार एक समारोहका बिच एथ्लेटिक्स संघ गण्डकीका अध्यक्ष एवं पूर्व खेलाडी हरि बरूवालले उद्घाटन गर्दै बिद्यालयमा शिक्षासंगै खेलकुद अनिवार्य भएको बताउनु भयो।

बिद्यालयले शिक्षासंगै खेलकुदको समेत विकास गराउने उद्धेश्यले विभिन्न खेलकुद कार्यक्रम आयोजना गरेको बिद्यालयका प्रिन्सिपल बयान बहादुर गोदारले जनाउनु भयो । बिद्यालय व्यबस्थापन समितिका अध्यक्ष शिव बहादुर भण्डारीको अध्यक्षतामा उद्घाटन सत्र सम्पन्न भएको हो। उक्त प्रतियोगिता यही जेठ २९ गतेसम्म संचालन हुने भएको छ।

# यू-१५ विद्यालय खेलकुद प्रतियोगिता : उद्घाटन कार्यक्रम भव्य गर्ने तयारी

पोखरापत्र संवाददाता
पोखरा, २६ जेठ

पोखरामा आयोजना हुने यू-१५ विद्यालय खेलकुद प्रतियोगिताको उद्घाटन कार्यक्रम भव्य गर्ने गरी प्रदेश खेलकुद परिषद गण्डकीले तयारी थालेको छ।



राष्ट्रिय खेलकुद परिषद (राखेप) र प्रदेश खेलकुद परिषद गण्डकीको आयोजनामा हुने उक्त प्रतियोगिताको उद्घाटन कार्यक्रम भब्य गर्ने गरी तयारी सुरु गरेको हो । यहि जेठ ३० र ३१ गते दुई दिन सञ्चालन हुने यू-१५ विद्यालय खेलकुद प्रतियोगितामा सात प्रदेशका विभिन्न ६ खेलका ६ सय ७० भन्दा वढि खेलाडीहरुको सहभागिता हुनेछ। प्रतियोगिताको तयारीका लागि शनिबार परिषदद्वारा आयोजित छालफल कार्यक्रममा सदस्य सचिब श्रीधर शर्माले पोखरा आउने खेलाडी र पाहुनाहरुको स्वागत संगै उनीहरुको बसाई शुखद बनाउन सबैको सहकार्य आवश्यक रहेको बताए। उनले भने-"पहिलो पटक यो कार्यक्रम आयोजना हुँदैछ । हामीले खेलाडीहरु र पाहुनाहरुको बसाई शुखद बनाउन सबैको सहकार्यका लागि परिषद आग्रह गर्दछ ।"परिषदका सल्लहाकार समितिका सदस्यहरु, विभिन्न खेल संघका पदाधिकारीहरुलगायत विभिन्न संघ संस्थाका पदाधिकारीहरुको सहितको भेलामा प्रतियोगितालाई भब्य बनाउन सबैले आ-आफ्नो ठाउँबाट सहयोग गर्न आग्रह गरे। भेलामा परिषदका उपाध्यक्ष धोज कुमार गुरुङले प्रतियोगितालाई सफल बनाउन सबैको उत्तिकै प्रभावकारी भूमिका आवश्यक रहेको औंल्याउँदै पोखरा कुनै पनि प्रतियोगिता आयोजना गर्न पूर्णरुपमा तयारी छ भन्ने सन्देश दिने गरी कार्य गर्न आग्रह गरे। परिषदका कार्यकारी सदस्यहरु दिलबहादुर गुरुङ, ऋषीराम गौतम, तारामायाँ थापा मगरसमेतको उपस्थिती रहेको थियो । यू-१५ विद्यालय खेलकुद प्रतियोगिता अन्तर्गत बास्केटबल, एथलेटिक्स, रग्बी, ब्याडमिन्टन, टेबुल टेनिस र बुद्धिचाल प्रतियोगिता हुनेछ । प्रतियोगिताको उद्घाटन जेठ ३० गते पोखरा रंगशालामा हुनेछ । उद्घाटन कार्यक्रम पञ्चेबाजा सहित विभिन्न जातजातीका झाँकी तथा सांस्कृतिक कार्यक्रम समेत गर्ने गरी परिषदले तयारी थालेको छ।

# गण्डकी प्रदेशस्तरीय फुटबल : सेमीफाइनल समिकरण पुरा

पोखरापत्र संवाददाता
पोखरा, २६ जेठ

पोखरामा जारी गण्डकी प्रदेशस्तरीय पुरुष फुटबल प्रतियोगिता अन्तर्गत सेमीफाइनल समिकरण पुरा भएको छ।



प्रदेश खेलकुद परिषद गण्डकीको आयोजना तथा गण्डकी प्रदेश फुटबल संघको आयोजनमा पोखरा रंगशालामा जारी प्रतियोगिता अन्तर्गत दोस्रो दिन सेमीफाइनल समिकरण पुरा भएको हो । खेलको दोस्रो दिन भएको पहिलो क्वाटरफाइनलमा म्याग्दीले स्याङजालाई टाइब्रेकरमा ४-३ ले स्तव्ध पारेको छ। निर्धारित समयमा दुबै टिमले २-२ गोलले बराबरीमा सकाए पछि खेल टाइ ब्रेकरमा धकेलिएको थियो । स्याङजाका क्षितिज जिटी र राजेन्द्र श्रेष्ठको प्रहार बाहिरिएपछि म्याग्दीको जित सहज बनेको थियो । यता म्याग्दीका रिजन पुनको समेत प्रहार बाहिरिएको थियो। निर्धारित समयमा बलियो मानिएको स्याङजालाई म्याग्दीले आक्रमक खेल खेल्दै ३२ मिनेटमा सुमन पुनले अग्रता दिलाए भने ठिक तीन मिनेट पछि मनिष श्रेष्ठले टिमका लागि अर्को गोल थपे। तर हाफ टाइम पछि स्याङजा खेलमा फर्कियो । स्याङजाका लागि सोम गुरुङ र अनिश गुरुङले गोल गर्दै खेल बराबरीमा ल्याएका थिए। यता कास्कीले आफ्नो होम ग्राउण्डको फाइदा उठाउँदै नवलपुर विरुद्धको खेल ४-० ले जितेको छ । खेलको ३३ औं मिनेटमा विक्रम गौतमले नवलपुर विरुद्ध गोल गर्दै कास्कीलाई अग्रता दिए भने अभिषेक थापाले खेलको दोस्रो हाफमा व्यक्तिगत दुई गोल गरे । उनले ४५ औं र ४८ औं मिनेटमा गोल गरे भने ५४ औं मिनेटमा कास्कीका लागि चौथो गोल किशन गुरुङले गरे।

आयूष खड्काको ह्याट्रिकमा पर्वत विरुद्ध बागलुङले ४-० सहज जित निकालेको छ । आयूषले खेलको ४२, ४९ र ७८ औं मिनेटमा गोल गरे । त्यस्तै निश्चल महतले ७१ औं मिनेटमा चौथो गोल थपे पछि बागलुङले सहज निकालेको हो।

शनिबार नै सम्पन्न भएको अन्तिम क्वाटरफाइनलमा तनहुँले लमजुङ विरुद्धको खेल ५-० को गोल अन्तरले जितेको छ। गोरखा विरुद्ध पहिलो खेल जितेको तनहुँले क्वाटरफाइनलमा लमजुङलाई पराजित गरेको हो। तनहुँका सन्त बहादुर गुरुङले ह्याट्रिक पुरा मात्रै गरेनन् उनले ४ गोल गरे। सन्तले १८, ५६, ६५ र ७८ मिनेटमा गोल गरे भने सौगात गुरुङले खेलको ३३ औं मिनेटमा एक गोल गरेका थिए।

आइतबार सेमीफाइनलका खेलहरु सञ्चालन हुने संघका महासचिव बिनोद गुरुङले जानकारी दिएका छन् । सेमीफाइनल अन्तर्गत म्याग्दीले कास्कीको सामना गर्नेछ भने बागलुङ र तनहुँ अर्को सेमीफाइनलमा भिड्नेछन्।

प्रतियोगितामा उपाधि बिजेता टिमले नगद २ लाख र उपविजेता हुने टिमले नगद १ लाखका साथमा ट्रफी र मेडल प्राप्त गर्नेछन् । प्रतियोगिताबाट दशौं राष्ट्रिय खेलकुद प्रतियोगिताका लागि खेलाडी छनौट हुनेछन्।

## पर्यटकीय...

काहुँखोलाबाट सिक्लेस जोड्ने सडक कालोपत्रको काम पनि तीव्र रूपमा भइरहेको छ। काहुँखोलाबाट मादी-७ थाकसम्मको १० किमी सडक कालोपत्र भइसकेको छ । थाकबाट मादी-६ चिप्लीसम्मको १० किमी खण्ड कालोपत्रका लागि पूर्वाधार तयारीको काम भइरहेको पूर्वाधार विकास कार्यालय कास्कीले जनाएको छ । गण्डकी प्रदेश सरकारको 'एक निर्वाचन क्षेत्र, एक सडक' कार्यक्रमअन्तर्गत उक्त सडक स्तरोन्नतिको काम भइरहेको पूर्वाधार विकास कार्यालयका कन्सल्ट्यान्ट इन्जिनियर धनप्रसाद सुवेदीले जानकारी दिनुभयो। उहाँका अनुसार दोस्रो चरणमा थाकबाट चिप्लीसम्मको १० किमी सडक कालोपत्र गर्न लागिएको बताउनुभयो । "अहिले ग्रेड र सब-बेस मिलाउने काम भइरहेको छ, निर्माण कम्पनीले पनि समय तालिकाअनुसार नै काम गरिरहेको छ", उहाँले भन्नुभयो। चिप्लीबाट सिक्लेससम्मको बाँकी खण्ड कालोपत्रका लागि आगामी आवमा समपूरक योजनामा समावेश गर्न प्रस्ताव अगाडि बढाएको कार्यालयले जनाएको छ। प्रदेश सरकारले सिक्लेस हुँदै कास्की, लमजुङ र मनाङको सङ्गमस्थल दुधपोखरीसम्म सडक सञ्जाल पुर्‍याउने गरी चार वर्षअघि उक्त आयोजना सुरु गरेको थियो। वडाध्यक्ष गुरुङले सडकले सिक्लेससहित खिलाङ, चिप्ली, ताङतिङ, कोरी, कपुचेलगायतका गन्तव्यमा पुग्ने पर्यटकको यात्रा सहज हुने बताउनुभयो।

## पोखरा ...

पटक गरायौं,' उनी भन्छन्, 'फेरि डेलिगेसन जान्छौं। मन्त्रालयसम्म पुग्छौं ।' १३ नम्बर वडामा धेरै सिंचाई कुलोहरु छन् । धेरै कुलोमा गेग्रानका कारण थुनिएर खेतसम्म पानी जान समस्या परेको किसानहरुको गुनासो छ।

लागू पदार्थ दुर्व्यसनी पहिले भन्दा कम भएपनि नियन्त्रणमा आइनसकेको बरालको भनाई छ । 'पोखराका धेरै ठाउँमा लागू औषध दुर्व्यसनी र कारोबार समेत भैरहेका छन् । हाम्रोमा पनि त्यो अवस्था छ,' उनले भने, 'प्रहरीसँग मिलेर सचेतनाका कार्यक्रम चलाउछौं । ठाउँठाउँमा सिसि क्यामेरा राखेर नियन्त्रण गर्छौं ।' उनले कुकुर र छाडा चौपाया नियन्त्रणका लागि टोल विकास संस्थासँग मिलेर विशेष अभियान चलाइने बताए । ग्रामिण ठाउँहरुमा महिनाको कम्तिमा १ पटक गाडी पठाएर फोहोर संकलन गरिने बरालको प्रतिबद्धता छ।


पत्रकार प्रकाश ढकालले सहजीकरण गरेको सार्वजनिक सुनुवाईमा वडा सदस्य सरिफ अलि मियाँले स्वागत गरेका थिए भने वडा सचिव अन्जु गुरुङले सेवा प्रवाह र विकास निर्माणका विषयमा प्रश्तुतीकरण राखेकी थिइन् । वडाले हालसम्म ८८ प्रतिशत पुँजीगत बजेट खर्च गरिसकेको तर सम्पन्न भएका योजनाको बजेट नै रोकिएको उनले बताइन्। 'काम लगभग सबै सकिएको छ। तर बजेट नआउँदा भुक्तानी दिन सकिएको छैन,' उनले भनिन्। पोखरा १३ नम्बर वडाले पूँजीगत तर्फ ४ करोड १७ लाखको काम गरिसकेको र चालू तर्फ ६६ लाख ९६ हजार मध्ये ४३ लाख ९० हजार खर्च गरेको छ। वडाले यो वर्षको हालसम्म २ करोड २४ लाख ४५ हजार राजश्व आम्दानी गरिसकेको छ। गत वर्ष १ करोड ८१ लाख ३८ हजार आम्दानी गरेकोमा यो वर्ष बढेको हो। चालू वर्षमा ८ सय ३२ जनाको जन्मदर्ता, ५८ मृत्युदर्ता, ७७ विवाह दर्ता र ३१ जोडीको सम्वन्ध विच्छेद दर्ता गरिएको छ। बसाईं सराईं आउने ५१ परिवार छन् भने जाने १० परिवार छन्।

# पोखरामा पौडी खेल्ने क्रममा पर्वतका एक युवाको मृत्यु

पोखरापत्र संवाददाता
पोखरा, २६ जेठ

पोखरामा पौडी खेल्ने क्रममा पर्वतका एक युवाको मृत्यु भएको छ । पोखरा महानगरपालिका-१७ छोरेपाटन भोटेक्याम्प नजिकै फुस्रे खोलामा पौडी खेल्ने क्रममा डुबेर बेपत्ता हुनु भएको पर्वत, कुश्मा नगरपालिका १३ का २८ बर्षीय बिश्वास सुवेदीको शनिबार शव भेटिएको कास्की प्रहरीले जनाएको छ।

पौडी खेल्ने क्रममा डुबेर बेपत्ता भएको खवर प्राप्त हुनासाथ सशस्त्र प्रहरी बल नेपाल नं. २४ कालिका गण हेड क्वाटर कास्की सहित नेपाल प्रहरी र स्थानियको सहायताबाट शव निकालिएको हो । फुस्रे खोलाको २५ फिट गहिराईमा उक्त शव अड्किएर बसेको अवस्थामा शवलाई निकालिएको कालिका गणका गणपति एसपी अरुण कुमार शर्माले बताउनुभयो । पोष्टमार्टमको लागि शव पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानमा लगिएको छ । पोखराको फुर्सेखोला, वोक्सी रह, दोविल्ला लगायका क्षेत्रमा पौडी खेल्दा बालबालिका देखि युवाहरुको ज्यान जाने गरेको छ।

कपालको उपचार
कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने
के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?
● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।

सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

प्यारालाइसिसका बिरामीको उपचार
विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।
प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।
लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिँड्न नसक्ने, खुट्टा हात लुलो भएको ।
सम्पर्क:
स्पार्क बि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ
पुरुषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरुवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।
महिलाहरुमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।
सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।
मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरुको सफल उपचार गरिन्छ।
महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार
जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म
सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५
नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादक: रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादक: नारायण भण्डारी
कार्यालय: नयाँबजार, पोखरा, फोन: ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रण: हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

नैतिक कामका लागि पनि अनैतिक काम नगर्नुस् ।
– थमस हार्डी

## सम्पादकीय

# गाँजाखेतीलाई बैधता दिने पहल

गाँजा खेती फाइन आदेश दिने गृहमन्त्री नै गाँजा खेती बैधानिक बनाउन तयार हुने ठाउँमा आइपुगेका छन।सरकारले गाँजाखेती खुलाउने कानुन एक महिनाभित्रै ल्याउने गरी गृहकार्य थालेको छ। प्रतिनिधिसभाको कृषि, सहकारी तथा प्राकृतिक स्रोत समितिमा मन्त्रीहरूले कानुन निर्माणका लागि पहल थालेको जनाउ दिएका छन । संसदम भिनो स्वरमा सुनिने गाँजा खेतीबाट आम्दानी हुन्छ भन्ने ठाउँमा नेताहरु पुगेका छन । आगामी आर्थिक वर्ष ०८१/८२ को बजेटमा 'औषधीय प्रयोजनका लागि गाँजाको व्यावसायिक उत्पादन गर्न कानुनी व्यवस्था मिलाइने' प्रतिबद्धता गरेको सरकारले त्यसलाई कार्यान्वयनमा लैजान कानुनको गृहकार्य थालेको हो । प्रतिनिधिसभाको कृषि, सहकारी तथा प्राकृतिक स्रोत समितिले गाँजाखेतीमा सरकारी गृहकार्य बुझ्न शुक्रबार छलफल गरेको छ ।

उपप्रधानमन्त्री तथा गृहमन्त्री रवि लामिछाने, अर्थमन्त्री वर्षमान पुन तथा कृषि, शिक्षा, स्वास्थ्य, कानुन, उद्योग मन्त्रालयका सचिवहरू बोलाइएको बैठकमा गृहमन्त्री लामिछानेले औषधीय र औद्योगिक प्रयोजनका लागि गाँजाखेती खुलाउने गरी एक महिनाभित्र नियमावली जारी हुने प्रतिबद्धता जनाए । 'औषधीय र विभिन्न सामग्री उत्पादन गर्ने प्रयोजनका लागि गृह मन्त्रालयले धेरै नै छिटो, लगभग महिना दिनभित्र नै नियमावली बनाउँदै गरेको गृहमन्त्रीको भनाइलाई गम्भीरतापूर्वक लिनुपर्छ । गाँजाको व्यावसायिक खेती र औषधिजन्य उत्पादन सरकारको नीतिमा छ। अब वैधानिक नियमनका साथ खुला गरेर अगाडि बढ्छौं ।'भन्नू वल्ल देशको अवस्था बुझ्न खोज्नु हो ।

लागुऔषध नियन्त्रण ऐन, २०३३ को दफा ४ (१) ले 'नेपालको पश्चिमी पहाडी भेगमा प्राकृतिक रूपमा आफैं उम्रने जंगली गाँजाको बोटबाट तोकिएको समयसम्मका लागि चरेस उत्पादन गर्न, त्यस्तो चरेस संग्रह गर्न, राख्न र खरिद-बिक्री गर्ने सम्बन्धमा नेपाल सरकारले नियम बनाई व्यवस्था गर्न सक्नेछ र सोअनुसार अनुमतिपत्र प्राप्त गरी कसैले कुनै काम गर्दा यस दफाअन्तर्गत अपराध गरेको मानिनेछैन' भन्ने व्यवस्था छ। यसमै टेकेर गृहले तत्कालका लागि अध्ययन-अनुसन्धानका लागि मन्त्रिपरिषद्बाट निर्णय गरेर नियमावली बनाउन लागेको मन्त्री लामिछानेले समितिलाई जानकारी गराए। 'यही नियमावलीमा टेकेर रिसर्चको काम तत्काल सुरुवात हुन्छ। यसको औषधिजन्य प्रयोजनका लागि गर्नुपर्ने अनुसन्धानका लागि गृहले नियम बनाएर, नियमावली बनाएर अगाडि बढ्न कुनै बाधा गर्नेछैन। यसका लागि मैले यहाँहरूसँग एक महिनाको समय मागेँ । कारणवश तलमाथि भएबाहेक अकारण त्यसलाई लम्ब्याउने मनसाय छैन। अध्ययन गर्ने हेतुले नियमावली बनाएर मन्त्रालय अगाडि बढ्छ।' गृहमन्त्रीको भनाइअनुसार काम गर्न नागरिक तहबाट खबरदारी आवश्यक छ ।

नेपाली समाजमा भाङको रूपमा चिनिने गाँजा अचार, बजेटको झोला, रेसाबाट जुत्ता र कोटका रूपमा बहुआयामिक प्रयोग भइरहेको र करोडौँको व्यापार पनि भइरहेको छागाउँमा गाँजासँग खाद्यान्न साट्ने परम्परासँग पनि जोडिएको छायसको प्रयोग लागुऔषधको रूपमा हुँदा कडाइ गरिएको छ। अन्य प्रयोगका हिसाबले अब वैधानिकता दिन ढिलाइ गर्नु हुँदैन । गाँजाखेती हाम्रो स्वास्थ्य र समाजका लागि हानि छैन । हाम्रो समाज, भावी पुस्तालाई मध्यनजर गरी कानुनी व्यवस्थासहित स्टेपबाइ जानुपर्छ । गाँजाखेतीपश्चात् औषधि उत्पादनलाई स्पष्ट परिभाषित गर्न जरुरी छ। यसको प्रयोग लागुऔषधको रूपमा हुँदा कडाइ गरिएको छ। अन्य प्रयोगका हिसाबले अब वैधानिकता दिनुपर्छ। यसलाई व्यवस्थित गर्न सक्यौं भने निर्यात पनि हुन सक्छ ।


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : अप्रत्यसित लाभ | तुला | : शत्रुको भय |
| वृष | : सत्कार मिल्नेछ | वृश्चिक | : झमेला बढ्ने |
| मिथुन | : आर्थिक समस्या | धनु | : कार्यमा सफलता |
| कर्कट | : मानसिक तनाब | मकर | : शुभ यात्रा |
| सिंह | : शारीरिक झमेला | कुम्भ | : स्वास्थ्यमा सुधार |
| कन्या | : ब्यापारमा लाभ | मीन | : सहयोग मिल्नेछ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा–१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# पर्वतमा जेठोबुढो धानको उन्नत बीउ उत्पादन गरिँदै

**पोखरापत्र संवाददाता**
पर्वत, २६ जेठ

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना बागलुङ एकाइ पर्वतले जिल्लाका पाँच स्थानमा जेठोबुढो धानको बीउ उत्पादन सुरु गरेको छ।

एकाइले धान उत्पादनको पकेट क्षेत्रका रुपमा रहेका कुश्मा नगरपालिका-१ पाङ, वडा नं २ खुर्कोट, वडा नं ११ पकुवा, फलेवास नगरपालिका-६ देवीस्थान र बिहादी गाउँपालिका-२ बर्राचौरमा जेठोबुढो जातको उन्नत बीउ उत्पादन गर्न सुरु गरेको हो । पछिल्लो समय नेपाली भान्छामा जेठोबुढो चामलको माग अत्यधिक बढ्दै गएको छ। स्वदेशमा मात्र नभई विदेशमा रहेका नेपाली रेष्टुरेण्टमा पनि जेठोबुढो चामलको माग बढी हुन थालेकाले बीउ उत्पादन गर्न थालिएको परियोजना बागलुङका प्रमुख नारायण पौडेलले बताउनुभयो । उहाँका अनुसार स्वादिलो, बास्नादार र गुणस्तरको हिसाबले पनि उपयुक्त भएकाले पर्वतमा यसको विस्तारसँगै बीउ उत्पादन गर्न थालिएको हो । विगत पाँच वर्षदेखि व्यावसायिक रुपमा धानखेती हुँदै आए पनि यस वर्ष बीउ उत्पादन गर्न थालिएको परियोजना प्रमुख पौडेलले बताउनुभयो । कार्यालयले खेतमा धानको बीउ उमार्ने, रोप्ने, गोडमेल गर्ने, उत्पादित बीउ छनौट तथा भण्डारणसम्मका काममा प्राविधिक सहयोग गर्ने उहाँले जानकारी दिनुभयो। बीउ उत्पादनका लागि यस वर्ष परियोजनाले पाँच सय ८० किलो मूल बीउ वितरण गरेको छ । अहिले उमार्न थालिएको मूल बीउबाट जिल्लाको सात सय हेक्टर क्षेत्रफलमा धानखेती गरिने परियोजना प्रमुख पौडेलले जानकारी दिनुभयो । यस वर्ष उत्पादित बीउबाट आगामी वर्ष जिल्लाका साथै अन्य जिल्लामा पनि बिक्री गर्ने उद्देश्यले उत्पादन थालिएको उहाँले बताउनुभयो । जेठोबुढो धानको विस्तारका लागि चालु आर्थिक वर्षमा रु १० लाख विनियोजन भएको कार्यालयले जनाएको छ। जुनसुकै हावापानीमा पनि सहज रुपमा उत्पादन गर्न सकिने भएकाले जिल्लाका ६१ वटै वडामा जेठोबुढो धानखेती गर्न सकिने कार्यालयले जनाएको छ। खानका लागि चामल मात्र नभई बीउ नै उत्पादन गर्न सकेमा कृषकको आम्दानीसमेत बढ्ने बिहादी-२ बर्राचौरका कृषक रामप्रसाद पराजुलीले बताउनुभयो । यस वर्षदेखि प्राविधिकको निगरानीमा वैज्ञानिक र आधुनिक पद्धतिबाट उत्पादन गरिने उक्त बीउले वैधानिकता पाउनेमा कृषक विश्वस्त छन् । कृषक गोविन्द पराजुलीले उत्पादित बीउ सहज रुपमा बिक्री वितरणको व्यवस्था परियोजनाले मिलाइदिनुपर्ने बताउनुभयो। उहाँले कृषकलाई प्रोत्साहन गर्न उत्पादित धानका साथै बीउको बिक्रीमा बजारीकरणमा सहजीकरण गरिदिन उहाँले आग्रह गर्नुभयो। परियोजनाले बीउका साथै आवश्यक प्राविधिक सहयोग गर्ने भएपछि बाँझै रहेको जग्गामा कतिपय कृषकले खनजोत गरेर धानखेती गर्न थालेको पराजुलीले बताउनुभयो।

पर्वतमा करिब नौ हजार हेक्टर क्षेत्रफलमा धानखेती हुँदै आएको छ। जिल्लाभर २६ हजार मेट्रिकटनभन्दा बढी धान उत्पादन हुने गरेको जिल्लास्थित कृषि ज्ञान केन्द्रले जनाएको छ । पर्वतमा सावित्री, राम धान, च्याम्पियन, मकवानपुर, आपझुत्ते, मानिसरा, मनसुली, अनदी, कालो मसिनो, यूएस, महाराजा, होलसी, बहुबुडी, हर्दिनाथ, जेठोबूढो, पहेँले, गुर्दी, एक्ले, खुमल, गौरिया, झिनुवा, बिरमफूल, पोखरेली जेठो बूढो, गुर्जा, लुम्ले, माछापुच्छे, जर्नेली, सुगन्ध, हाइब्रिडलगायत जातका धान लगाउने गरिन्छ। केही पुराना जातका धान भने लोप भइसकेको केन्द्रले जनाएको छ।


## नेपाल फार्मेसी काउन्सिलको सर्टिफिकेट हराएको सूचना

**म मनिष कुवँरको छोरेपाटनदेखि बगर जाने क्रममा नेपाल फार्मेसी काउन्सिलको सर्टिफिकेट हराएको हुँदा भेट्टाउने महानुभावले नजिकको प्रहरी कार्यालय अथवा निम्न ठेगानामा सम्पर्क गरिदिनुहोला ।**

Name: Manish Kuwar
Address: Syangja Parsebhati-1
Registration Number: A7528
Nepal Pharmacy Council Certificate
Diploma in Pharmacy
( Assistant Pharmacist)
Phone: 9846445549


## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. २५ गैरी पोखरी निर्माण तथा मर्मत निर्माण गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।

योजनाको नामः गैरी पोखरी निर्माण तथा मर्मत
ठेगानाः पोखरा-२५, कुँवर टोल
योजना सम्झौता मितिः २०८०/१२/२० गते
योजना शुरु मितिः २०८०/१२/२१ गते
योजना सम्पन्न हुने मितिः २०८१/१/३१ गते
योजनाको कुल लागतः रु. ९,४१,९३७/९३
महानगरपालिकाबाटः रु. ८,००,०००/-
जनसहभागिताबाटः रु.१,४१,१७६/४७
अध्यक्षः विजय राज कुँवर सम्पर्क नं.: ९८०४१९९५६६
उपाध्यक्षः शिव बहादुर कुँवर, सचिवः बुद्ध बहादुर श्रेष्ठ, कोषाध्यक्षः अस्मिता अधिकारी सदस्यः मन व. विश्वकर्मा, माया विश्वकर्मा, विवश कुँवर, सेती कुँवर, गणेश विश्वकर्मा
अनुगमन तथा सल्लाहकारः संयोजकः कृष्ण बहादुर कुँवर (वडा सदस्य)

**गैरी पोखरी निर्माण तथा मर्मत उपभोक्ता समिति**
**पोखरा-२५, हेमजा गैरी**

# सीपयुक्त कोर्षमा पश्चिमाञ्चलको जोड

**पोखरापत्र संवाददाता**
पोखरा, २६ जेठ



पोखरा-४, गैह्रापाटनस्थित पश्चिमाञ्चल माविले स्वरोजगारमूखि पाठ्यक्रममा जोड दिनेगरि योजना बनाएको बताएको छ । स्वरोजगारमूखि शिक्षा अभावमा स्वदेशमा काम नपाएको भन्दै युवायुवती धमाधम विदेश पलायन हुन थालेपछि अतिरिक्त पाठ्यक्रम पढाएर भएपनि विद्यार्थीलाई स्वदेशमै रोक्न पहल गर्ने विद्यालयको भनाई छ।

शनिबार पोखराका संचारकर्मीसँगको छलफलमा विद्यालयका प्राचार्य सरोज कोइरालाले पाठ्यक्रम विकास केन्द्रले तोकेको कोर्षको भरमा मात्र विद्यार्थी स्वरोजगार बन्न सक्ने अवस्था नभएपछि अतिरिक्त कोर्षमा जोड दिएको बताए।

विद्यार्थीलाई विदेशिनबाट रोक्नकै लागि भन्दै विद्यालयले पछिल्लो समय पढाई सक्नासाथ काम पाइने खालका विषयको अध्यापनमा जोड दिएको कोइरालाको भनाई छ। कोइरालाका अनुसार विज्ञान, व्यवस्थापन, होटल व्यवस्थापन र मानविकी संकायमा अध्यापन गराईरहेको विद्यालयले केही वर्षअघि कानुन संकायमा अध्यापन थालेको थियो।

आगामि शैक्षिकसत्रदेखि सौन्दर्यकलाको पाठ्यक्रम पनि विद्यालयले अध्यापन गराउने तयारी थालेको छ । 'स्वदेशमा काम नपाएकै भएर विद्यार्थीहरु बाहिर गएका हुन् । उनीहरुलाई स्वदेशमै कमाउने अवसर दिलाउने हो भने विदेश जानबाट केही हदसम्म रोक्न सकिन्छ,' उनले भने, 'त्यही भएर पढाई सक्नासाथ कमाउन सक्ने सीपयुक्त कोर्ष अध्यापनमा चाँसो दिएका हौ ।' उनका अनुसार कानुन विषय पनि अध्ययन सक्नासाथ काम पाउने विषय हो । विद्यालयमा पढाई हुने आमसञ्चार तथा पत्रकारिता पनि उत्तिकै अब्बल छ। 'कानुन, पत्रकारिता, सौन्दर्यकला, होटल व्यवस्थापन यस्ता विषय हुन, जसको अध्ययनपछि तत्कालै काम पाइन्छ । पत्रकारिता अध्ययन गर्दैमा पत्रकार नै हुनुपर्छ भन्ने छैन,' कोइरालाले भने, 'बाहिरबाट हेर्दा पत्रकारितामा आकर्षण कम देखिएपनि यसको महत्व र यसले दिलाउने सम्मान सोचेभन्दा बढी छ । पत्रकारिता पढ्दैमा पत्रकार नै बन्नुपर्छ भन्ने छैन । अध्ययन अनुसन्धानका अरु पनि पर्याप्त क्षेत्र छन । तर, त्यसबारे चाँसो कम भएको हो ।' लेखन, अध्ययन, अनुसन्धानको क्षेत्रमा पनि पत्रकारिताको महत्व रहेको बुझाउन नसकेको उनले बताए। सौन्दर्यकला पनि आकर्षक विषय रहेको उनले बताए। 'सर्टिफिकेट हात परेपछि व्यावसाय थाल्न सकिन्छ । तत्काल कमाउने विषय सौन्दर्यकला हो,' उनले भने । त्यस्तै होटल व्यवस्थापन र कानुनमा पनि अवसरै अवसर रहेको कोइरालाले बताए । 'एकैपटक ठूलो कमाई खोजेर हूँदैन । अथक मेहनतपछि सफलता मिल्ने हो,' उनले भने ।

विद्यालयले विद्यार्थीलाई उद्यमशिल बनाउनकै लागि पाठ्यक्रम विकास केन्द्रले तोकेको बाहेक थप कोर्ष अध्यापन गराउने योजना बनाएको कोइरालाले बताए । 'पाठ्यक्रम विकास केन्द्रले तोकेको त पढाउनै पर्छ । तर, त्यसले मात्र विद्यार्थीलाई व्यावहारिक बनाउन नसकेको हाम्रो ठहर छ। त्यसैले तालिम, प्रशिक्षण, प्रयोगात्मक, अतिरिक्त कक्षामा जोड दिने तयारी छ,' उनले भने, 'विद्यार्थीले आफुले पढेको विषयबारे तत्काल अभ्यास गराउनुपर्छ। सैद्धान्तिक ज्ञानले मात्र पुग्दैन ।'

विद्यालयका प्लस टु संयोजक देव क्षेत्रीले ५० प्रतिशत अतिरिक्त पाठ्यक्रम पढाएर विद्यार्थीलाई स्वरोजगारतर्फ आकर्षण गर्ने तयारी गरेको बताए। 'सैद्धान्तिक ज्ञान त विद्यालयमा पाएका छन । तर, त्यसले मात्र पुग्दैन। अब हामीले विद्यार्थीलाई बास्तविक सीप सिकाउनेगरि अतिरिक्त कोर्ष डिजाईन गर्दैछौ।' अतिरिक्त कोर्ष डिजाइनका लागि सम्बन्धित क्षेत्रका विषयविज्ञ र सरोकारवालासँग बसेर छलफल गर्ने पनि उनले बताए। विद्यालयकी सह प्राचार्य मिनु श्रेष्ठ कुँवरले विद्यार्थीको विदेश पलायन रोक्न सक्ने अवस्था नभएको बताईन। 'सबैजना विदेश जान थाले ।

स्वदेशमा काम नपाएको उनीहरुको गुनासो छ । अब ती विद्यार्थीलाई पढाई सक्नासाथ काम पाउने विषय अध्यापनमा जोड दिनुपर्छ,' उनले भनिन, 'त्यसमा पश्चिमाञ्चल माविले पहल थालेको छ।' पश्चिमाञ्चल माविमा हाल कक्षा ११ र १२ मा व्यवस्थापन, होटल व्यवस्थापन, विज्ञान, मानविकी र कानुन विषयको अध्ययन अध्यापन भईरहेको छ।

# ठेक्का लागेको पाँच वर्षमा पनि सडक कालोपत्र भएन

**पोखरापत्र संवाददाता**
म्याग्दी, २६ जेठ

म्याग्दीको रणनीतिक महत्वको बेनी-दरबाङ सडक आयोजनाको तेस्रो (रणबाङ-दरबाङ) खण्ड कालोपत्र गर्ने योजनाले पाँच वर्षमा पनि पूर्णता पाएको छैन।

मङ्गला गाउँपालिका-२ रणबाङदेखि मालिकाको केन्द्र दरबाङसम्मको आठ किमी सडक कालोपत्र गर्न विसं २०७६ जेठ ३१ गते निर्माण कम्पनी र पूर्वाधार विकास कार्यालय म्याग्दीबीच रु २२ करोड ५७ लाख नौ सय ३२ मा ठेक्का सम्झौता भएको थियो।

विसं २०७८ जेठ महिनामा सकिनुपर्ने सो योजनाको हालसम्मको भौतिक प्रगति करिब ७५ प्रतिशत रहेको कार्यालयले जनाएको छ। म्याग्दीको लाइफ लाइन (भाग्यरेखा) मानिएको बेनी-दरबाङ सडक निर्माणमा भएको ढिलाइले यात्रुलाई सास्ती, दुर्घटनाको जोखिम र यातायात सञ्चालन गर्न असहज भएको मङ्गला-२ रणवाङका लक्षिनबहादुर मल्लले बताउनुभयो। "कालोपत्र गर्ने भनेर गत साल सम्याएर सब बेस हालेर छाडेका थिए। गत चैत-वैशाख महिनामा पनि मेसिन ल्याएर केही दिन सडक सम्माएका थिए", उहाँले भन्नुभयो, "अहिले काम ठप्प छ। धुलो उडेर यात्रु र स्थानीयवासीलाई सास्ती भएको छ।" गण्डकी प्रदेशको 'एक निर्वाचन क्षेत्र एक सडक' कार्यक्रमअन्तर्गत पूर्वाधार विकास कार्यालय म्याग्दीमार्फत सञ्चालित यो सडक आयोजनाका निर्माण व्यवसायीलाई पटकपटक ताकेता गरे पनि बेवास्ता गरेका पूर्वाधार विकास कार्यालयका प्रमुख विष्णु पौडेलले बताउनुभयो। "रणबाङ-तोलाबाङ-ढाँडखर्कखण्डको चार किमीमा सब बेस राखिसकेको निर्माण व्यवसायीले पेस गरेको कार्यतालिका अनुसार बेस, कोट राखेर कालोपत्र गर्न ढिलाइ गरेका छन", उहाँले भन्नुभयो, "फोन नउठाउने निर्माण कम्पनीका सञ्चालकलाई पत्र काटेर ताकेता गरेका छौं।" ठेकेदारले निर्माण सामग्रीको व्यवस्थापन, मजदुर र उपकरण परिचालन गर्न नसक्दा सडक निर्माणमा ढिलाइ भएको छ। सो खण्डमा पर्ने बाङ्गेपहिरो क्षेत्र पहिरोग्रस्त र जोखियुक्त छ । पहिलो प्रभावितबाहेक रणबाङदेखि ढाँडखर्क सम्म सडक फराकिलो बनाएर नाली पर्खाल निर्माण गर्ने काम सकिएको छ।

निर्माण कम्पनी क्याराभानका सञ्चालक चन्द्र थकालीले नदीजन्य निर्माण सामग्री नपाउँदा समयमा काम गर्न समस्या भएको बताउनुभयो । चालु आर्थिक वर्षमा रणवाङ-तोलाबाङ खण्डमा कालोपत्र सम्पन्न गर्न केही दिनमै उपकरण र मजदुर ल्याएर आउने थकालीले बताउनुभयो।

मङ्गला, मालिका र धवलागिरि गाउँपालिकालाई जिल्ला सदरमुकाम बेनीसँग जोड्ने २४ किमी दूरीको यो सडक विसं २०६३ मा मार्ग खुलेको थियो । बागलुङको तमानखोला गाउँपालिकाका बासिन्दाले पनि प्रयोग गर्ने मध्यपहाडी लोकमार्गको बागलुङ खण्डको विकल्प भएकाले भएकाले रणनीति महत्वको मानिएको छ।

बेनीदेखि सिमसम्म १२.५ किमी दुई वर्षअघि कालोपत्र भएको थियो । सिम-पानाबगर खण्डको चार किमी सडकको पहिलो चरणको कालोपत्र सकिएको छ । म्याग्दी १(२) बाट निर्वाचित गण्डकी प्रदेशसभा सदस्य रेशम जुग्जालीले सहजीकरण र समन्वय गरे पनि क्याराभान निर्माण कम्पनीले विभिन्न बाहना बनाएर सडक कालोपत्र गर्न ढिलाइ गरेको बताउनुभयो । गण्डकी प्रदेशका पूर्वभौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्थामन्त्रीसमेत रहनुभएका जुग्जालीका अनुसार क्याराभान गण्डकी प्रदेशमा सबैभन्दा धेरै आयोजना अलपत्र पार्ने निर्माण कम्पनी हो।



बेगनास तालः
कास्कीको पोखरा महानगरपालिकामा अवस्थित दोस्रो ठुलो बेगनास ताल । पछिल्लो समय यस तालमा पर्यटक आगमन वृद्धि भएको छ । तस्बिर : कृष्ण दवाडी/रासस

# पूर्वाधार निर्माणपछि पर्यटकको रोजाइमा 'सुन्दरचौर उद्यान'

**पोखरापत्र संवाददाता**
स्याङ्जा, २६ जेठ

स्याङ्जाको भीरकोट-६ स्थित पहाडको थुम्कोमा रहेको छ 'सुन्दरचौर उद्यान' । पछिल्लो समय उक्त उद्यान बजारको कोलाहल र प्रदूषणलाई छल्दै रमणीय, शान्त वातावरणमा आनन्दित हुने ठाउँको रुपमा विकसित हुँदै गरेको छ । पूर्वाधार निर्माणले तीव्रता पाएपछि यो उद्यान पर्यटकको रोजाइमा पर्न थालेको हो ।

यहाँ पूर्वाधार निर्माणको काम जारी छ । आन्तरिक तथा बाह्य पर्यटकको सेवा र सुविधालाई ध्यानमा राखेर उद्यानमा पूर्वाधार थप्ने काम भइरहेको छ । पहिला सुन्दरचौरलाई वनस्पति उद्यान केन्द्रका रुपमा विकास गरिएको थियो । पछिल्लो समय सुन्दरचौर उद्यानमा पूर्वाधार निर्माण भइरहेका भीरकोट-६ का वडाध्यक्ष लक्ष्मण खत्री क्षेत्रीले बताउनुभयो । उद्यानलाई व्यवस्थित गर्न चालु आर्थिक वर्ष २०८०/८१ मा वडा कार्यालयबाट रु १० लाख, डिभिजन वन कार्यालय स्याङ्जाबाट रु पाँच लाख, भीरकोट नगरपालिकाको प्रधानमन्त्रीरोजगारकार्यक्रममार्फत रु तीन लाख दश हजार तथा पर्यटन बोर्ड पोखराबाट रु दुई लाख प्राप्त भएको उहाँले बताउनुभयो । पर्यटकीय स्थलसम्म सहजरुपमा पुग्नका लागि भीरकोट-६ को पाटपाटीदेखि उद्यानसम्म रु ५४ लाखको लागतमा सडक ढलान भइरहेको छ । वडा कार्यालय भण्डारखोलादेखि उद्यानसम्म पुग्न पक्की पदमार्ग बनाइएको छ ।

"वनस्पति उद्यान केन्द्र हुँदादेखिका संरचना, बोटबिरुवाको संरक्षण र सम्वर्द्धन गर्दै नयाँ संरचना पनि निर्माण भइरहेका छन्", वडाध्यक्ष क्षेत्रीले भन्नुभयो, "यहाँ आउने पर्यटकको सुविधालाई मध्यनजर गरी पूर्वाधार निर्माण गरेपछि पर्यटकको रोजाइको रुपमा यो ठाउँले पहिचान बनाउन थाल्यो ।" वनस्पति उद्यान केन्द्रदेखि हालको पार्कको अवस्थासम्म आइपुग्दा सौन्दर्यकरणका दृष्टिले पूर्वाधार र मनोरञ्जनका सामग्री थप गरिएको उहाँले बताउनुभयो । उद्यान परिसरमा अवलोकन टावर, पानी पोखरी, गोलघर, पक्की पदमार्ग, प्रवेशद्वार, कार्यालय भवन, वनभोजका लागि दुई वटा ट्रष्ट, सेल्फी स्पट, गैँडाको प्रतिमा, बाल उद्यानका सामग्री, पार्क परिसरलाई छेकबार, तारजाली, विभिन्न जातिका फूल तथा बोटबिरुवाले पर्यटकलाई आकिर्षत गरेको छ । उद्यानलाई वनभोजस्थलका रुपमा विकास गर्दै आम्दानीसँग जोड्ने लक्ष्यसहित अगाडि बढेको वडाध्यक्ष क्षेत्रीले बताउनुभयो । "उद्यान घुम्न आउनेसँग रु २० प्रवेश शुल्क लिन्छौँ", उहाँले भन्नुभयो । वनभोजका लागि आउने समूहलाई भाडावर्तन, ग्यासलगायतका सामग्री उपलब्ध गराएबापत रु तीन हजारदेखि रु तीन हजार पाँचसय शुल्क लिने गरिएको छ । वनभोज तथा अवलोकन गर्न आउने पर्यटकबाट लिइएको प्रवेश शुल्क मासिकरुपमा खातामा जम्मा गर्ने गरिएको छ । यसबाट मासिक रु १० हजारदेखि रु १५ हजारसम्म आम्दानी हुँदै आएको छ । डाँडाको थुम्कोमा रहेको उद्यान पुग्दा छुट्टै आनन्द आएको यहाँ घुम्न आउनुभएका वालिङ-१३ का बबिन पाठकले बताउनुभयो । उद्यान परिसरबाट नागबेलीरुपमा बगेको आँधीखोला र त्यसले बनाएको फाँट, बयरघारीलगायतका स्थान देख्न सकिन्छ ।

# तनहुँमा 'एक घर, दश कफीका बिरुवा' अभियान

**पोखरापत्र संवाददाता**
तनहुँ, २६ जेठ

तनहुँको शुक्लागण्डकी नगरपालिका-१० ले 'एक घर, दश कफीको बिरुवा' रोप्ने अभियान सञ्चालन गर्न लागेको छ ।

आगामी आर्थिक वर्ष २०८१/८२ को नीति तथा कार्यक्रम तर्जुमा गर्दै वडाले व्यावसायिक कफी उत्पादनलाई अभियानकैरुपमा अगाडि बढाउन लागेको हो । एक हजार एक सय ५५ घरधुरी रहेको यस वडामा यस आर्थिक वर्षमा मात्रै १० हजार कफीको बिरुवा वितरण गर्न लागिएको हो । युवासँग उपप्रमुख कार्यक्रमअन्तर्गत व्यावसायिक खेती उत्पादन कार्यक्रमबाट यस वडालाई कफीको पकेट वडाको रुपमा विकास गर्न लागिएको वडाध्यक्ष राजेन्द्र भट्टराई क्षेत्रीले जानकारी दिनुभयो ।

स्थानीय बजारदेखि अन्तर्राष्ट्रिय बजारसम्म नेपाली कफीको अत्यधिक माग भएको र बाँदरलगायत वन्यजन्तुबाट कम क्षति हुने नगदे बाली भएको हुँदा स्थानीय किसान व्यावसायिक रुपमा कफी खेती गर्न इच्छुक देखिएको उहाँको भनाइ छ । उहाँका अनुसार कफीको बिरुवा ५० प्रतिशत अनुदानमा किसानलाई उपलब्ध गरिनेछ । किसानलाई प्रविधि विस्तार र बजारीकरणको जिम्मा कृष्मी बहुउद्देश्यीय सहकारी संस्थासँग समन्वय गरिने उहाँले बताउनुभयो ।

शुक्लागण्डकी नगरपालिकाको युवासँग उपप्रमुख कार्यक्रम र कृषी बहुउद्देश्यीय सहकारी संस्थाको सहकार्यमा यस अघि व्यावसायिक अदुवा खेती अभियान सञ्चालन गरिएको थियो । बढ्दो बसाइँसराइले गाउँ खाली हुँदै गएको, उर्वर खेतीयोग्य जमिन बाँझो हुँदै गएको अवस्थामा कफी खेतीबाट बाँझो जमिनको सदुपयोग हुनका साथै किसानको आयआर्जनमा टेवा पुग्ने विश्वास गरिएको छ ।

# ठूलाबेँसी-गैह्रेबेँसी सिँचाइ आयोजनामा पक्की कुलो

**पोखरापत्र संवाददाता**
म्याग्दी, २६ जेठ

म्याग्दीको मालिका गाउँपालिका-४ च्युरीबोटमा रहेको ठूलाबेँसी-गैह्रेबेँसी सिँचाइ आयोजनामा पक्की कुलो निर्माण भएको छ ।

गण्डकी प्रदेश सरकारको बजेटबाट उपभोक्ता समितिमार्फत सिँचाइ आयोजनाको कच्ची कुलोलाई ढलान गरेर पक्कीमा परिणत गर्न थालिएको सिँचाइ आयोजनाको उपभोक्ता समितिका अध्यक्ष फनबहादुर घर्तीले बताउनुभयो । उहाँका अनुसार चालु आर्थिक वर्षमा विनियोजन भएको रु ३० लाख बजेटबाट छ सय ६० मिटरको पक्की कुलो निर्माण गरिएको हो । "दाजुङखोला लघुजल विद्युत् आयोजनाको विद्युत् गृहबाट मुहानसम्म एक हजार छ सय ८० मिटर पक्की बनाउने योजनाअनुसार हालसम्म आठ सय ८५ मिटर कुलो निर्माण सकिएको छ", अध्यक्ष घर्तीले भन्नुभयो, "गत वर्ष रु १० लाख बजेटबाट दुई सय २५ मिटर कुलो निर्माण गरेका थियौँ ।" उहाँका अनुसार गत चैतदेखि निर्माण सुरु गरिएको कुलो सम्पन्न भइसकेको छ । कूल लागतको १० प्रतिशत उपभोक्ताले श्रमदान गरेका छन् । थप सात सय ९५ मिटर कुलो निर्माण गरेर योजनालाई पूर्णता दिन आगामी वर्षको योजना तथा कार्यक्रममा प्रस्ताव गरिएको खानेपानी, जलस्रोत तथा सिँचाइ डिभिजन कार्यालयले जनाएको छ । सो योजनाबाट ५८ घरका कृषकको तीन सय रोपनी जमिनमा सिँचाइ सुविधा पुग्ने कार्यालयका प्रमुख झलकमोहन ओझाले जानकारी दिनुभयो । "कच्ची कुलोबाट पानी ल्याउँदा सोसिएर खेतबारीसम्म नपुग्ने समस्या थियो", उहाँले भन्नुभयो, "पक्की कुलो बनेपछि मुहानबाट पठाएको पानी सबै खेतबारीसम्म पुग्न थालेको छ ।" सिँचाइ सुविधा पुगेसँगै बाहै महिना खेतीबाली लगाउन सकिने भएको स्थानीय कृषक रेशम पुनले बताउनुभयो । खानेपानी, जलस्रोत तथा सिँचाइ डिभिजन कार्यालयले चालु आवमा म्याग्दीमा ६० वटा सिँचाइ आयोजना कार्यान्वयन गरेको छ । दुई वटा योजनाको बहुवर्षीय ठेक्का आह्वान भएको कार्यालयका सबइञ्जिनियर अञ्जन खत्रीले बताउनुभयो । उहाँका अनुसार उपभोक्ता समितिसँग सम्झौता भएका अधिकांश आयोजना सम्पन्न हुने चरणमा छन् ।

# मानवसेवा आश्रमलाई एकैदिन ६४ लाख ५४ हजार सहयोग

**पोखरापत्र संवाददाता**
बागलुङ, २६ जेठ

मानवसेवा आश्रम बागलुङको भवन निर्माणका लागि एकैदिन रु ६४ लाख ५४ हजार पाँच सय ९५ सङ्कलन भएको छ ।

निर्माणाधीन भवन सहयोगार्थ 'मिट एण्ड ग्रिट' कार्यक्रमबाट एकैदिन उक्त रकम सङ्कलन भएको छ । कार्यक्रममा बागलुङको काठेखोला गाउँपालिकाले रु १५ लाख, पर्वतको कुश्मा नगरपालिकाले रु पाँच लाख ११ हजार, फलेबास नगरपालिकाले रु पाँच लाख ११ हजार र म्याग्दीको मालिका गाउँपालिकाले रु पाँच लाख ११ हजार सहयोग गरेका छन् । त्यस्तै स्थानीय र बागलुङ बजारका व्यापारीले सहयोगगरेकोमानवसेवाआश्रमका सहकोषाध्यक्ष सुमीरा लामाले जानकारी दिनुभयो । विसं २०७३ देखि बागलुङको शाखा स्थापना गरेर सेवा दिँदै आएको आश्रमले विसं २०७८ मा बागलुङ नगरपालिका-४ निरयघाटमा जग्गा प्राप्त गरेपछि सुविधा सम्पन्न भवन निर्माण गर्न थालेको हो । स्थापनाकालदेखि अहिलेसम्म बागलुङ-३ किनारा टोलबाट आश्रम सञ्चालित छ । आश्रमको आफ्नै सुविधा सम्पन्न भवन निर्माण गर्नका लागि विसं २०७८ वैशाख २४ गते शिलान्यास गरिएको लामाले बताउनुभयो ।

आश्रमलाई स्थापनाकालदेखि नै धेरैले सहयोग गर्दै आएको सुनाउँदै 'मिट एण्ड ग्रिट' कार्यक्रममा एकैदिन धेरैले सहयोग गरेको उहाँको भनाइ छ । आश्रममा हाल महिला २२, पुरुष २४ र बालबालिका सात गरी ५३ जना सहयोगापेक्षी आश्रित रहेका छन् । भवन निर्माण सुरु भएको तीन वर्षमा ४० प्रतिशत काम सम्पन्न भएको मानवसेवा आश्रमका अभिभावक एवं भवन निर्माण समितिका संयोजक शिव खड्काले जानकारी दिनुभयो । रु १२ करोड ७५ लाखको योजना रहेकामा हालसम्म हालसम्म रु पाँच करोड खर्च भएको उहाँको भनाइ छ । यो सबै प्रदेश, पालिका र दाताबाट आएको सहयोग प्राप्त भएको खड्का बताउनुहुन्छ । खड्काले भन्नुभयो, "भवन निर्माणको काम अगाडि बढेको छ, हालसम्म करिबकरिब आधा काम सकिन थालेको छ, आर्थिक सहयोग आउनेक्रम जारी छ, धेरै दाताले मन फुकाएर सहयोग गर्नुभएको छ, यो योजना रु १२ करोड ७५ लाखको हो, भवन निर्माण सकियो भने आश्रममा बस्नेहरुलाई सहज हुनेछ, अहिले जसोतसो व्यवस्थापन गर्दै आएका छौँ ।" मानवसेवा आश्रमका केन्द्रीय अध्यक्ष रामजी अधिकारी, हास्यकलाकार मनोज गजुरेलले सो कार्यक्रमको सहजीकरण गर्नुभएको थियो ।

# जीर्ण भवनमा पढ्न बाध्य छन् विद्यार्थी

**पोखरापत्र संवाददाता**
लमजुङ, २६ जेठ

पानी पर्दा कक्षाकोठा भित्रै पानी छिर्ने जीर्ण विद्यालय भवनमा विद्यार्थी पढ्न बाध्य हुँदै आएका छन् । सदरमुकाम रहेको बेँसीसहर नगरपालिका-१ सानो धिमिरेस्थित बालविकास प्राथमिक विद्यालयका विद्यार्थी जीर्ण भवन र पानी पर्दा कक्षाकोठा भित्रै पस्ने विद्यालय भवनमा केही वर्षदेखि पढ्न बाध्य हुँदै आएका हुन् ।

विद्यालयका प्रधानाध्यापक सिमा लोहनीले पुरानो भवन जीर्ण र पानी चुहिने भएको र नयाँ भवनमा पानी परेका बेलामा कक्षाकोठा भित्रै ठूलो पानी छिर्ने गर्दा पानी परेका बेलामा पठनपाठन प्रभावित हुँदै आएको बताउनुभयो । उहाँका अनुसार विसं २०४८ मा स्थापना भएको यस विद्यालयमा चारकोठे पुरानो भवन र विसं २०७४ मा निर्माण गरिएको दुईकोठे भवन रहेको छ । पुरानो भवनको गाह्रो चिराचिरा परेर खस्ने अवस्थामा रहेकाले कुनै पनि बेला खस्छ कि भनेर पठनपाठनमा समस्या भइरहेको उहाँले बताउनुभयो । उहाँले विद्यालयमा जस्तापाताको छानो रहेको र छानोका लागि राखिएका काठ कुहिन थालेको तथा नयाँ भवनको छानो मिलाएर नहालेकाले गर्दा पनि पानी परेको बेलामा कक्षाकोठा भित्रै पानी छिर्ने गरेको बताउनुभयो । "पानी परेपछि सबै विद्यार्थीलाई दुईकोठे नयाँ भवनमा रहेको शिक्षकको कार्यालयमै ल्याएर राख्ने गरेका छौँ, नयाँ भवनका कोठामा पनि पानी छिर्ने गरे पनि अन्य कोठाको तुलनामा कम पानी आउने गरेकाले शिक्षक विद्यार्थी एकै ठाउँमा बस्ने गरेका छौँ", उहाँले भन्नुभयो । पुरानो भवनको निर्माण र नयाँ भवनको छानो फेर्नका लागि वडा कार्यालय, पालिकाको शिक्षा शाखादेखि प्रदेश सरकारसँग केही वर्षअघिदेखि नै माग गरे पनि



हालसम्म सुनुवाइ नहुँदा विद्यार्थीले यस्तो समस्याको सामना विगत तीन वर्षदेखि गर्न बाध्य हुँदै आएको गुनासो विद्यालय प्रधानाध्यापक लोहनीले गर्नुभयो । विद्यालयमा गत वर्ष २२ जना रहे पनि यस वर्ष १५ मात्र विद्यार्थी रहेका छन् । नर्सरीदेखि कक्षा ३ सम्म पढाइ हुने यस विद्यालयमा पानी आएपछि विद्यार्थी कापीकलम झोलामा राखेर झोला लिएर ओत खोज्न जानुपर्ने बाध्यता छ । ठूलो पानी परेका बेलामा आफूहरु पानीले रुझे पनि झोला जोगाउने कोसिस गर्दा पनि कुनैबेला झोला भिजेर किताब नै भिज्ने गरेको विद्यार्थीको भनाइ छ । नयाँ भवनमा ३ कक्षाको पढाइ हुने गरेको छ भने पुरानो भवनमा नर्सरीदेखि २ कक्षासम्मका विद्यार्थीले अध्ययन गर्दै आएका छन् । नगरपालिकाका शिक्षा, युवा तथा खेलकुद शाखाका उपसचिव किसानराज चिलुवालले उक्त विद्यालयले राष्ट्रपति शैक्षिक सुधार कार्यक्रममार्फत माग गरे पनि उक्त कार्यक्रमका लागि बजेट नै नआएकाले सहयोग गर्न नसकिएको र विद्यालय मर्मत तथा निर्माणका लागि शिक्षा शाखासँग बजेट नहुने बताउनुभयो ।

वडाध्यक्ष दुर्गाबहादुर बुढाथोकीले विद्यालयमा पानी चुहिने र जीर्ण भवनमा पठनपाठन गर्न जोखिम रहेको भए पनि तत्काललाई आर्थिक अभावले सो समस्या हटाउन नसकिने बताउनुभयो । विद्यालयबाट उक्त जानकारी केही दिनअघि मात्र वडालाई आएको र सोअघि कुनै जानकारी नआएकाले अहिले आर्थिक वर्षको अन्तिम बेलामा बजेट नहुने उहाँको भनाइ छ ।

उक्त खबर पाउनासाथ वडाबाट प्राविधिक पठाएर हाललाई नयाँ भवनको एक कोठाका लागि छानो छाउनका लागि लागत अनुमान तयार गरेर र सम्झौता गरेर केही दिनमा काम अघि बढ्ने वडाध्यक्ष बुढाथोकीको भनाइ छ । उहाँले पुरानो जीर्ण भवन भने तत्काल केही गर्न नसकिने र आगामी दिनमा विद्यालय भत्काउने तथा कसरी अघि बढ्ने भनेर छलफल गरेर अघि बढ्ने बताउनुभयो ।